# स्नाकोतर तहमा वातावरण विषय अध्ययनरत विद्यार्थिहरुलाई अध्ययन शोध सहायता कार्यक्रम कार्यविधि २०७७

**प्रस्तावनाः**

पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) ले सफा, स्वच्छ र हरित वातावरणको सोच सहित प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने लक्ष र प्रदूषण नियन्त्रण सहितको वातावरण व्यवस्थापनका लागि आवश्यक नीति, अनुसन्धान र क्षमता, कानून र प्रभावकारी संरचना निर्माण गर्ने उद्देश्य लिएको छ। साथै यो योजनाले वातावरण सम्बन्धी अनुसन्धानका क्रियाकलापहरु सञ्चालनमा संघ, प्रदेश र स्थानीय तह, दातृ निकाय, गैरसरकारी संस्था, सामुदायिक संस्था एवं प्राज्ञिक निकायहरूबीच समन्वय र साझेदारी मार्फत वातावरणीय स्वच्छता कायम गरी सचेतना जागरण सम्बन्धी कार्य गर्ने कुरा कार्यनीतिमा उल्लेख गरेको छ ।

यस सन्दर्भमा विश्वविद्यालयका स्तानोकत्तर तहमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई यस कार्यक्रम मार्फत सोध सहायता उपलब्ध गराई वातावरण सम्बन्धी विषयमा सोध तयार गरी नविन तथ्यांक र प्रविधिहरुका माध्यमबाट यस विभागका उद्‌देश्य पालनो यस कार्यक्रमको धेय रहेको छ ।

**१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) स्नाकोतर तहमा वातावरण विषय अध्ययनरत विद्यार्थिहरुलाई अध्ययन शोध सहायता कार्यक्रम** २०७७ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२.<u>परिभाषा</u>ः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क). "उच्च शिक्षा अध्ययनरत विद्यार्थी" भन्नाले नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालय वा अन्तर्गतका अध्ययन संस्थान/क्याम्पसमा वातावरण सम्बन्धी विषयमा स्नातकोत्तर तहको अन्तिम वर्ष/सेमेस्टर मा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ ।

(ख)"महानिर्देशक" भन्नाले वातावरण विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ग)"मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले वातावरण विभाग सम्झनु पर्छ।

(ङ)"विश्वविधालय/अध्ययन संस्थान/कलेज" भन्नाले नेपाल सरकारवाट मान्यता प्राप्त स्नातक वा स्नातकोत्तर तहको अध्ययन कार्यक्रम संचालन गरिरहेका विश्वविधालय/अध्ययन संस्थान/कलेज जस्ता संस्थालाई सम्झनु पर्छ।

(च) "सम्बन्धित विद्यार्थी" भन्नाले विभाग बाट शोध कार्यको लागि छनौट भएको विद्यार्थी सम्झनु पर्छ ।

(छ) "सम्बन्धित शैक्षिक संस्था" भन्नाले विभाग बाट शोध कार्यको लागि छनौट भएको विद्यार्थी अध्ययनरत विश्वविद्यालय वा क्याम्पस सम्झनु पर्छ ।

(ज)"शोध" भन्नाले नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविधालय/अध्ययन संस्थान/कलेजमा वातावरण सम्बन्धी विषयमा स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत बिद्यार्थीले गर्नुपर्ने अनुसन्धान/अध्ययनलाई सम्झनु पर्छ।

३.<u>शोध सहायता छनौट समितिको गठन</u>ः (१) शोध सहायता कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन देहाय बमोजिमको शोध सहायता छनौट समिति रहनेछः-

| | |
|---|---|
| क) उप-महानिर्देशक, वातावरण बिभाग | - संयोजक |
| ख) शाखा प्रमुख, प्रशासन तथा योजना शाखा | - सदस्य |
| ग) प्रतिनिधि (कम्तिमा अधिकृतस्तर), कार्यक्रम तथा योजना शाखा, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| घ) शाखा प्रमुख, वातावरणीय अध्ययन तथा तथ्यांक शाखा | - सदस्य |
| ङ) कानून अधिकृत, वातावरण विभाग | - सदस्य |
| च) लेखा अधिकृत, वातावरण विभाग | - सदस्य |
| छ) वातावरण निरीक्षक, वातावरणीय अध्ययन तथा तथ्यांक शाखा | - सदस्य |
| ज) महानिर्देशकले तोकेको वातावरण निरीक्षक | - सदस्य सचिव |

(२) समितिको बैठक आबस्यकता अनुसार बस्नेछ।

(३) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्नेछ।

(४) समितिको बैठकमा आवश्यकतानुसार बिज्ञ वा अन्य सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

४. **<u>शोधकर्ता छनौट समितिको काम, कर्तब्य र अधिकार</u>**: शोधकर्ता छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

क)शोध प्रस्तावको ढाँचा, मूल्याँकनका आधार, सम्झौताको खाका तयार गरी स्वीकृतिका लागि विभागमा पेश गर्ने,

ख) खण्ड (क) बमोजिम स्वीकृत भएका विवरणको अधिनमा रहेर पेश हुन आएका प्रस्तावहरुको मूल्याँकन तथा स्वीकृतिका लागि विभागमा सिफारिस गर्ने,

ग) सम्बन्धित शैक्षिक संस्थासंग आवश्यकता अनुसार समन्वय गर्ने,

घ) शोधकर्ता कार्यक्रमको मार्गदर्शन, अनुगमन तथा प्रभाकरिता मुल्यांकन गर्ने,

ङ) शोध अध्ययन अनुसन्धानका क्षेत्रहरु तय गरी स्वीकृतिका लागि विभागमा पेश गर्ने,

च) यस सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने।

५. **<u>कार्यक्रम सञ्चालन</u>**: विभागले स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रहि वातावरण सम्बन्धित विषयमा स्नातकोत्तर तहमा पठनपाठन हुने शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछः-

(क) यस कार्यविधि बमोजिमको कार्य गर्नका लागि स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी विभागले सार्वजविक सुचना मार्फत तोकिएको ढांचामा प्रस्ताव माग गर्नेछ,

(ख) प्राप्त प्रस्तावहरु मध्येबाट विभागले उपयुक्त प्रस्ताव छनौट गरी सम्बन्धित शैक्षिक संस्थाको पदाधिकारीको रोहवरमा सम्बन्धित विद्यार्थीसंग सम्झौता गर्नेछ,

(ग) प्रस्ताव छनौट गर्दा विभागले निक्यौंल गरेका अध्ययन क्षेत्रहरु (Areas of Study for Thesis Writing) लाई मात्र मान्यता दिईनेछ,

(घ) शोध कार्य पूर्ण भई विद्यार्थीले विभागमा मस्यौदा प्रतिवेदन पेश पश्चात् हुने शोध कार्यको प्रस्तुतीमा आवश्यक राय तथा सुझाव प्रदान गर्ने,

(ङ) अनुसन्धान कार्य पूर्ण गरिसकेपछि सम्बन्धित शिक्षण संस्थाबाट शोधपत्र स्वीकृत हुनुपूर्व यस कार्य समितिको उपस्थितिमा वातावरण विभागमा शोधपत्र मस्यौदा प्रतिवेदनको प्रस्तुती गर्नुपर्नेछ र प्राप्त सुझावहरुलाई समेत समावेश गरे पश्चात् सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत गराउनुपर्नेछ ।

(च) स्वीकृत भएको शोधपत्रको एकप्रति Hard Copy र Soft Copy (Pdf version मा) विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(छ) प्राप्त शोधपत्रलाई आवश्यकता अनुसार वातावरण विभागको पुस्तकालय तथा Website मा राखिनेछ।

(ज) यस सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने।

६. <u>सम्झौता गर्ने</u>ः (१) शोधकर्ताले विभागसंग सम्झौता गर्न आउँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बिद्यार्थी परिचयपत्रको प्रतिलिपि, सम्बन्धित विश्वविद्यालयको रजिष्ट्रेशन स्लिपको प्रतिलिपी, बैंक खाताको विवरण र दुइ प्रति पासपोर्ट साइजको फोटो अनिवार्य पेश गर्नु पर्नेछ।

(२) विभागले शोधकर्तासँग करार सम्झौता गरी कार्य विवरण तोकी काम गर्ने गरी परिचालन गर्नेछ।

७.<u>शोध सहायताको अवधि तोक्ने</u>ः (१) विभागले शोध सहायताको शुरु र अन्त्य हुने समय किटान गर्दा विश्वविद्यालय/अधययन संस्थान/कलेजसंग समन्वय गरी गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएपनि शोध सहायताको अवधि सम्झौता बमोजिम एक आर्थिक वर्ष भित्र मात्रको हुनेछ।

<u>८.सुपरीवेक्षकः</u> (१) प्रत्येक शोधकर्ताको सुपरीवेक्षण गर्नका लागि सुपरीवेक्षक तोकिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिने सुपरिवेक्षक सम्बन्धित विश्वविद्यालयको नियमानुसार विभागको कुनै अधिकृत कर्मचारी हुन सक्नेछ। यस सम्बन्धी अन्य व्यवस्था सम्बन्धित विश्वविद्यालयको नियमानुसार हुनेछ।

(३) शोधकर्ताको परिचालन, अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था सुपरिवेक्षकले मिलाउनेछ।

<u>९.शोधकर्ताको कर्तव्यः</u> सुपरिवेक्षकको प्रत्यक्ष निगरानी र नियन्त्रणमा रही काम गर्नु शोधकर्ताको कर्तब्य हुनेछ।

<u>१०. प्रमाणपत्र दिने</u>ः शोधकर्तालाई तोकिएको को ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ।

१. <u>शोधकर्ताको सेवा सुबिधा तोक्ने</u>ः (१)बार्षिक स्वीकृत कार्यक्रमको परिधि भित्र रही शोधकर्ताको प्राप्त गर्ने सेवा सुबिधा विभागले निर्धारण गर्नेछ।

(२) सम्बन्धित शैक्षिक संस्थाको सिफारिस सहित शोधपत्र प्राप्त भएपछि विभागले शोधकार्य वापतको रकम एकमुष्ट शोध सहायता लिने व्यक्तिको बैङ्क खातामा जम्मा गर्ने व्यवस्था मिलाउनेछ।

(३) शोध सहायता लिने व्यक्तिको सेवा सुविधा वापतको रकममा नेपाल सरकारको प्रचलित कानुन बमोजिम कर लाग्नेछ ।

१२. <u>लागत अनुमान स्वीकृत गरी खर्च गर्ने</u>ः (१) समितिको बैठक संचालन खर्च, अनुगमन तथा मुल्यांकन खर्च, प्रतिबेदन तयारी, प्रमाणपत्र छपाई तथा वितरण, संचार तथा समन्वय खर्च जस्ता बिषयमा कुल विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरि स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ।

१३. <u>खर्च व्यवस्थापन विभागले गर्ने</u>ः यस कार्यक्रम/क्रियाकलापको खर्च व्यवस्थापन तथा लेखा राख्ने र लेखा परिक्षण गराउने काम विभागको हुनेछ।

१४. <u>शोध सहायता उपलब्ध नगराउनेः</u> यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि यसपूर्व विभागबाट कुनै सहायता लिई सोको फछ्र्यौट हुन नसकेको हकमा त्यसरी सहायता लिएका विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुले शोध कार्यक लागि त्यस्तो कार्य फछ्र्यौट नहुने अवधि सम्मका लागि स्वतः अयोग्य हुनेछन् । साथै, यो कार्यविधि कार्यान्वयन पश्चात्  सहायता लिई सोको फछ्र्यौट हुन नसकेको हकमा त्यस्ता विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरु शोधकार्य फछ्र्यौट गरे पश्चात् पनि कम्तिमा ३ वर्षका लागि शोध सहयता लिन अयोग्य हुनेछन् ।